# महाङ्काल गाउँपालिका
Mahankal Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur
३ नं. प्रदेश नेपाल ।
3 No. Province, Nepal

पत्र संख्या /Ref. No:-
चलानी नं./Dispatch No:-

मिति: २०७७/०२/०७

## प्रेस-विज्ञप्ति

महाङ्काल गाउँपालिका गोटीखेलमा कोरोना भाइरसको जोखिम नियन्त्रण तथा रोकथामका लागि अग्रपंङ्गतिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधी एवम् नेपाल सरकारले रेड जोनमा राखेका २१ जिल्लाबाट नाका प्रवेश गर्ने संक्रमणको जोखिममा रहेका व्यक्ति र RISK मा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरुको RDT Test तथा Cluster Sample को रुपमा प्रत्येक Cluster बाट ३३ प्रतिशत RT PCR Test यहि मिति २०७७/०२/०३ गते गरिएको थियो जसमा १३८ जनाको RDT Test र ६१ जनाको PCR Test गरिएकोमा RDT Test बाट २ जनाको POSITIVE रिपोर्ट देखिएकोले उहाँहरुलाई क्वारेन्टाइनमा राखि दुवै जनाको PCR Test समेत गरिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७७/०२/०६ मा प्राप्त रिपोर्ट अनुसार परीक्षण गरिएका ६१ जनाको PCR Test Negative भएको पुष्टी भएको हुँदा यस गाउँपालिकामा परीक्षण गरिएका १९९ जनाको कोरोना भाइरस संक्रमणको अवस्था सबै जनाको NEGATIVE रहेको व्यवहोरा सम्पूर्ण पालिकावासीहरुमा यस प्रेस विज्ञाप्ति मार्फत जानकारी गराइएको छ ।

यसै क्रममा संक्रमणको अवस्थाबारे आधिकारीक रुपमा आधिकारीक निकायबाट प्रतिवेदन प्राप्त नहुँदै विभिन्न सामाजिक संजाल मार्फत यस गाउँपालिकामा भएको परीक्षणको नतिजा सार्वजनिक भएको पाइएकोमा आधिकारीक पुष्ट्याईं नहुँदै यसरी सार्वजनिक गर्नु ग्रैह जिम्मेवारीपूर्ण सूचना संप्रेष्ण गरेको ठहर हुने, मानवीय संवेदनशिलतामा समेत आघात पर्न जाने हुँदा पत्रकार एवम सामाजिक संजाल चलाउने महानुभावहरुमा यस किसिमका सूचना संप्रेपण परिणाम आउनु अगावै प्रकाशन नगरिदिनुहुन अनुरोध छ । यसरी यस गाउँपालिकामा Sampling को रुपमा गरिएको कोरोना संक्रमणको परीक्षण सिमित व्यक्तिहरुमा मात्र गरिएको र नतिजा सबैको NEGATIVE प्राप्त भएतापनि विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को संक्रमण नेपालमा पनि दिन प्रतिदिन बढिरहेको अवस्थामा यसको जोखिमबाट हामीहरु पनि ढुक्क हुने अवस्थामा छैनौं । कोरोना भाइरस संक्रमणको कारण यस गाउँपालिकावासीको दैनिक जीवनयापन, सामाजिक, आर्थिक एवम विकास निर्माण लगायत मानव जिवनका हरेक पक्षमा असर परिरहेको छ । हाल सबैको ध्यान COVID-19 को संक्रमण विरुद्ध लड्नको लागि रोकथामका उपायहरुको अवलम्बन गरी लकडाउनको पूर्ण पालना गर्दै **"कोरोना भाइरसबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं"** भन्ने आदर्श वाक्य सहित आम पालिकाबासीहरुमा यो विज्ञप्ति जारी गरिएको छ ।

साथै पालिकास्तरीय कोरोना भाइरस नियन्त्रण समन्वय समितिको मिति २०७७/०२/०४ गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाबाट उत्पादित दुध तथा तरकारी ढुवानी गर्ने सवारी साधनहरुलाई रोक लगाइएकोमा कृषकहरुको दैनिक आम्दानीमा असर पर्न गई जीवनयापनमा समेत कठिनाई भएको हुँदा सबै कृषकको माग एवम अत्यावश्यक सेवा सुचारु गर्नको लागि कोरोना भाइरसको संक्रमणबाट बच्ने उपायहरुको पूर्णरुपमा अवलम्बन गरी मिति २०७७/०२/०८ गते विहिवार देखि तरकारी र दुध ढुवानी गर्ने सवारी साधनहरु परिचालन गर्न फुकुवा गरिएको जानकारी समेत यसै विज्ञप्ति मार्फत सबै पालिकावासी आमा, बुवा, दाजु, भाई एवम दिदी बहिनीहरुमा अनुरोध छ । कोरोना भाइरस संक्रमणबाट बच्न नागरिक सुरक्षाको हितमा गाउँपालिकाबाट विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको लागि सकारात्मक सोचका साथ सबै तह र तप्काबाट आवश्यक सहयोग गरिदिनुहुन समेत सबैमा अनुरोध छ ।

रामचन्द्र दाहाल
अध्यक्ष